# लैंगिक हिंसा



**एकद्वार संकट व्यवस्थापन केन्द्र**
**One-Stop Crisis Management Center (OCMC)**

**लैङ्गिक हिंसाबाट विशेषगरी महिला तथा बालबालिकाहरू पीडित/प्रभावित हुने गरेका र यसबाट उनीहरूमा शारीरिक, यौनजन्य, मानसिक तथा मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक असर पर्ने गरेको छ । यस्ता समस्याहरूको एकीकृत र प्रभावकारी रूपमा सम्बोधन गर्न नेपाल सरकारबाट लैङ्गिक हिंसालाई प्रभावकारी एवम् कुशलतापूर्वक सम्बोधन गर्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुख्य कार्यान्वयन निकायको रूपमा रहने गरी अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईएको छ ।**

## एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मार्फत गरिने प्रमुख क्रियाकलापहरू (कार्यक्षेत्र)

१. स्वास्थ्य उपचार
२. चिकित्साजन्य कानूनी सेवा
३. मनोसामाजिक परामर्श सेवा
५. कानूनी परामर्श र उपचार
६. सुरक्षित आवासगृह र पुनर्स्थापना केन्द्रमा आश्रयको ब्यबस्था
७. पुनर्स्थापना
८. सूचना, शिक्षा तथा सशक्तिकरण

## लक्षित् समूह


१. लैंगिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका वेवारिसे एवम शारीरिक तथा मानसिक रुपले अशक्त महिला तथा बालबालिका
२. लैंगिक हिंसाबाट प्रभावित भइ मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र अबस्थामा जीवन जिउन बाध्य महिला तथा बालबालिका
३. लैंगिक हिँसा पिडित एकल महिला, अपाङ्गता भएका महिला, बालबालिका वा ज्येष्ठ नागरिक महिला
४. मानब बेचबिखन तथा ओसारपसारमा परेका महिला तथा बालबालिका
५. सशस्त्रद्वन्द्ध तथा प्राकृतिक विपद्का कारण हिंसामा परेका र पर्नसक्ने महिला वा बालबालिका
६. एच.आइ.भी. तथा एड्सबाट संक्रमित भइ लैंगिक हिंसाबाट प्रभावित महिला वा बालबालिका
७. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुहका व्यक्तिहरु

## एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) द्वारा प्रदान गरिने स्वास्थ्यसम्बन्धी सेवाहरु

- हिंसा पीडित वा प्रभावितको स्वास्थ्यसम्बन्धी विवरण सङ्कलन, परीक्षण, उपचार अभिलेखीकरण गर्ने,

- शारीरिक चोटपटकको उपचार तथा चिकित्साजन्य जाँच गर्ने,
- कानूनी प्रमाणका लागि विधि विज्ञान (Forensic Examination) तथा चिकित्सासम्बन्धी कानूनी (Medico–Legal) परीक्षण गर्ने/गराउने र सोको अभिलेख राख्ने,
- कानूनी प्रमाणका लागि आवश्यक पर्ने नमूनाको सङ्कलन एवम् संरक्षण गर्ने,
- लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई समस्याको प्रकृति र जटिलता बुझेर मनोसामाजिक परामर्श सेवा उपलव्ध गराउने,
- जटिल र आघातजन्य मामलाका लागि नियमित अनुगमन गर्ने,
- हिंसा पीडितसँग सम्बन्धित सूचनाहरूको गोपनीयता कायम राख्ने,
- आवश्यकताका आधारमा हिंसा पीडितको परिवार तथा पीडकलाई समेत मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,
- आवश्यकतानुसार हिंसा पीडितलाई विशेषज्ञ मनोचिकित्सक (Psychiatrist) र चिकित्सा मनोविद (Clinical Psychologist) को सेवा उपलब्ध गराउने वा सो सेवा उपलब्ध भएको स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।
- गर्भ परीक्षण तथा आकस्मिक गर्भनिरोधक सेवा उपलव्ध गराउने,
- यौनजन्य सङ्क्रमणको उपचार गर्ने,
- एच.आई.भी. जाँच तथा परामर्श सेवा उपलब्ध गराउने,
- हेपाटाइटिस बी.बाट बचावट गर्ने,
- सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने,
- प्रतिरोधात्मक उपचार सेवा (PEP) प्रदान गर्ने,
- मानसिक स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,
- लैङ्गिक हिंसा पीडित वा प्रभावितको पहिचान तथा उपचारका लागि तयार गरिएको क्लिनिकल प्रोटोकलअनुसार सेवा उपलव्ध गराउने,
- आवश्यकतानुसारको प्रेषण तथा अन्य सेवा उपलव्ध गराउने ।

## एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सञ्चालनका लागि आवश्यक कार्यात्मक सञ्जाल तथा सङ्गठनात्मक व्यवस्था




**सुरक्षित हुन पाउनु सबैको अधिकार हो। हिंसा सहेर नबसौं।**
**समयमै हिंसाको पहिचान गरौं। हिंसाको अन्त्य गरौं**


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र**
टेकु, काठमाडौं
२०७९/८०



www.nheicc.gov.np
info@nheicc.gov.np
www. youtube.com/c/nheicc-nepal
www.facebook.com/nheicc.nepal